**Tribhuvan Journal** Vol. 4 No.1.pp.180-190, December, 2025; Research Management Cell, Tribhuvan Multiple Campus, Tribhuvan University, Nepal
DOI: **https://doi.org/10.3126/tribj.v4i1.94727**

# *द्रौपदी अवशेष* उपन्यासमा सामाजिक यथार्थ

*डा. शारदा खनाल*
sharadak974@gmail.com
*त्रि.वि., त्रिभुवन बहुमुखी क्याम्पस, पाल्पा*

***Article History:*** *Received 20 May 2025; Reviewed 15 August 2025; Revised 25 October 2025; Accepted 22 November 2025*

**लेखसार**

*प्रस्तुत लेख नीलम कार्की निहारिकाकृत द्रौपदी अवशेष उपन्यासको सामाजिक यथार्थसम्बन्धी अध्ययन विश्लेषणमा केन्द्रित रहेको छ । विवेच्य उपन्यासमा विद्यमान सामाजिक यथार्थका विभिन्न पक्षलाई अध्ययनीय विषय बनाई त्यसैसम्बन्धी अवधारणात्मक ढाँचालाई सैद्धान्तिक आधार मानेर प्रस्तुत लेख तयार गरिएको छ । कृतिको अर्थापनका लागि सघन पाठविश्लेषण विधिअनुसार सूक्ष्म पठनद्वारा स्थापित सिद्धान्तका आधारमा सन्दर्भपरक विश्लेषणसमेत गरिएकाले प्रस्तुत अध्ययन गुणात्मक प्रकृतिको रहेको छ । सामाजिक यथार्थको अध्ययनका लागि प्रस्तुत उपन्यासका सान्दर्भिक उद्धरणहरूको पनि उपयोग गरिएको छ । विवेच्य उपन्यासमा प्रस्तुत सामाजिक यथार्थसम्बन्धी विषयलाई मूल प्राज्ञिक समस्या बनाएर त्यसको समाधान खोज्न बहुपति विवाह, भौगोलिक विकटता, प्राकृतिक सुन्दरता, रूढिवाद, अतिथि सत्कार, कृत्रिमतारहित जीवनशैली जस्ता सूचकहरू निर्धारण गरी अध्ययन सम्पन्न गरिएको छ । सामाजिक यथार्थको चित्रण गर्ने क्रममा देशको प्रचलित कानुनभन्दा माथि उठेर हुम्ली समाजमा गरिँदै आएको बहुपति विवाह पद्धतिलाई प्राथमिकताका साथ प्रस्तुत गरी यसका सकारात्मक र नकारात्मक पक्षहरूलाई स्पष्ट पारिएको छ । पैतृक सम्पत्ति सगोलमै रहिरहनु, एउटी श्रीमतीले जन्माउँदा सन्तान स्वतः कम हुनु, अविवाहित महिलाले बच्चा जन्माए पनि कसको बच्चा भनेर धेरै खोजीनिति नहुनु बहुपति विवाहका सकारात्मक पक्ष र महिला र पुरुष दुवै पीडित हुनु, धेरैजसो केटीहरूको चाहेर पनि विवाह नहुनु, देवरहरूले आमासमानकी भाउजूसँग अनमेल विवाह गर्न विवश हुनु, असन्तुष्ट युवकहरूले सुर्मुबाट बच्चा जन्माएर बालकलाई न्येलु बन्न बाध्य पार्नु जस्ता नकारात्मक पक्षलाई प्रमुख विषय बनाइएको छ । यसै गरी राज्यको विकासबाट टाढा रहेको हुम्लाको भौगोलिक विकटता, हिमालको काखमा रहेको उक्त स्थानको रमणीय प्रकृति, शिक्षाबाट वञ्चित समुदायका रूढिवादी दृष्टिकोण, अतिथि सत्कारमा नेपालीपन, कृत्रिमतारहित सरल जीवनशैली जस्ता सामाजिक यथार्थको पनि उपन्यासमा चित्रण गरिएको छ । समग्रमा प्रस्तुत उपन्यास सामाजिक यथार्थको कोणबाट अध्ययनीय भएको निष्कर्ष प्राप्त भएको छ ।*

**शदकुञ्जी :** अवशेष, न्येलु, बहुपति प्रथा, रङलु, वस्तुपरक, सुर्मु,

## विषयपरिचय

*द्रौपदी अवशेष* उपन्यास नीलम कार्की निहारिका (२०३१) ले लेखेकी हुन् । प्रस्तुत अध्ययन *द्रौपदी अवशेष* उपन्यासकोसामाजिक यथार्थमा केन्द्रितरहेको छ । २०५१ सालमा *मौन जीवन* उपन्यास प्रकाशन गरी नेपाली साहित्यका क्षेत्रमा औपचारिक रूपमा उपन्यास लेखनको प्रारम्भ गरेकी कार्कीले *अर्की आइमाई* (२०७०), *चीरहरण* (२०७२), *योगमाया* (२०७४) र *द्रौपदी अवशेष* (२०७८) गरी पाँच वटा उपन्यास प्रकशित गरिसकेकी

छन् । उनले कथा, उपन्यास र कविता विधामा कलम चलाए पनि आख्यानका क्षेत्रमा सफलता हासिल गरेकी छन् । उनले सर्वाधिक सफलता त अझै उपन्यासका क्षेत्रमा प्राप्त गरेकी छन् । उनको *योगमाया* उपन्यासले २०७४ सालको मदन पुरस्कार र *चीरहरण* उपन्यासले २०७२ सालको पद्मश्री जस्ता महत्त्वपूर्ण पुरस्कार प्राप्त गर्नुले पनि उनको औपन्यासिक शिल्पको मापन भएको छ । प्रस्तुत लेखमा *द्रौपदी अवशेष* उपन्यासमा उल्लिखित सामाजिक यथार्थको मात्र अध्ययन विश्लेषण गरिएको छ । महाभारतको कथामा पाँच पाण्डवकी साझा पत्नीका रूपमा रहेकी द्रौपदीको सन्दर्भ जोडेर नेपालको कर्णाली अञ्चलस्थित हुम्ला जिल्लाका लामा जातिमा प्रचलित बहुपति प्रथालाई यस उपन्यासमा चित्रण गरिएको छ । अहिलेसम्म पनि त्यहाँका लामा जातिले नेपालको संविधान तथा कानुनले समेत निषेध गरेको बहुपति प्रथालाई कायमै राखी द्रौपदीको जस्तै विवाह गर्ने परिपाटी चलाएकाले उपन्यासको नाम *द्रौपदी अवशेष* राखिएको छ। प्रस्तुत उपन्यासमा महाभारतकालमा भएको बहुपतिप्रथा नेपालका कतिपय स्थानमा प्रचलित भएकाले यसको अवशेष अहिले पनि छ भन्ने कुराको सूचना प्रवाह गरिएको छ । प्रस्तुत लेखमा *द्रौपदी अवशेष* उपन्यासलाईसामाजिक यथार्थको सैद्धान्तिक मान्यताका आधारमा अध्ययन विश्लेषण गरिएको छ ।

समाजमा विद्यमान सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक, पारिवारिक सन्दर्भ तथा घटनाक्रमहरूलाई साहित्यिक कृतिका माध्यमबाट जस्ताको तस्तै अभिव्यक्त गर्नु सामाजिक यथार्थवाद हो । सामाजिक यथार्थवादमा जीवनको वस्तुपरक चित्रण वा जीवनजगत् जे जस्तो छ त्यसलाई जस्ताको तस्तै प्रस्तुत गरिएको हुन्छ । सामाजिक यथार्थवादमा मानवीय जीवनका सबलता-दुर्बलता, आशा-निराशा, सुख-दुःख, सफलता-असफलता, आरोह-अवरोह, सत्-असत् घटना तथा समस्याहरूको वास्तविक चित्रण गरिएको हुन्छ ।

कार्कीको *द्रौपदी अवशेष* उपन्यास प्राज्ञिक अध्ययनका दृष्टिले गहन, समस्यामूलक र अनुसन्धेय रहेको छ । यस उपन्यासको विविध कोणबाट अध्ययन भइसकेको र गर्न सकिने विभिन्न आधारहरू भए तापनि सामाजिक यथार्थसम्बन्धी सैद्धान्तिक मान्यताका आधारमा अध्ययन नभएको अवस्थामा प्राज्ञिक रिक्तता पाइन्छ । यही रिक्ततालाई परिपूर्ति गर्ने उद्देश्यले यस लेखमा प्रस्तुत उपन्यासको सामाजिक यथार्थसम्बन्धी प्राज्ञिक समस्यामा मात्र केन्द्रित भई अध्ययन गरिएको छ । *द्रौपदी अवशेष* उपन्यासलाई विवेच्य सामग्री बनाई बहुपति विवाह, भौगोलिक विकटता, प्राकृतिक सुन्दरता, रूढिवाद, अतिथि सत्कार, कृत्रिमतारहित जीवनशैली जस्ता सामाजिक यथार्थसम्बन्धी अध्ययनका सूचकहरू निर्धारण गरी उपन्यासकै उद्धरणका आधारमा विश्लेषण गरिएको छ । प्रस्तुतउपन्यासकोसामाजिक यथार्थका आधारमा अहिलेसम्म अध्ययन नभएको अवस्थामा यो अध्ययन स्वतः औचित्यपूर्ण हुन पुगेको छ । सामाजिक यथार्थसम्बन्धी सिद्धान्तमा आधारित भएर अध्ययन गर्न चाहने अध्येताहरूका लागि सन्दर्भसामग्रीका रूपमा प्रयोग हुन सक्ने भएकाले पनि यसको औचित्य पुष्टि हुन्छ ।

## अध्ययनविधि

प्रस्तुत लेखमा कार्कीद्वारा लेखिएको *द्रौपदी अवशेष* उपन्यासमा सामाजिक यथार्थसम्बन्धी उद्धरणको खोजी गरी अध्ययन विश्लेषण गरिएको छ । प्राथमिक तथा द्वितीयक दुवै स्रोतका सामग्रीहरूको सङ्कलन पुस्तकालय कार्यबाट गरिएको छ । मूल तथा प्राथमिक स्रोतका सामग्रीको रूपमा कार्कीको *द्रौपदी अवशेष* उपन्यासलाई लिइएको छ भनेउपन्यासको विश्लेषणका निम्ति आवश्यक पर्ने सैद्धान्तिक र प्रायोगिक सामग्रीलाई द्वितीयक स्रोतका सामग्रीका रूपमा उपयोग गरिएको छ । सङ्कलित सामग्रीको अर्थापनका लागि *द्रौपदी अवशेष* उपन्यासलाई सघन पाठविश्लेषण विधिअनुरूप सूक्ष्म पठन गरी स्थापित सिद्धान्तका आधारमा सन्दर्भपरक अध्ययनसमेत गरिएकाले प्रस्तुत अध्ययन गुणात्मक प्रकृतिको रहेको छ । सामाजिक यथार्थको अध्ययन गर्ने क्रममा विश्लेषणात्मक र व्याख्यात्मक दुवै विधिको उपयोग गरिएको छ ।

## सैद्धान्तिक पर्याधार

प्रस्तुत लेखमा प्राज्ञिक समस्याको रूपमा प्रस्तुत गरिएको जिज्ञासाको समाधानका लागि पाश्चात्य साहित्य सिद्धान्तमा विकसित भएको यथार्थवादलाई आधार बनाइएको छ । यथार्थवाद उन्नाइसौँ शताब्दीको उत्तरार्द्धतिर स्वच्छन्दतावादका विरुद्ध बेलायत, फ्रान्स, अमेरिकालगायत अन्य पश्चिमी मुलुकमा देखिएको साहित्यिक आन्दोलन हो । पाश्चात्य जगत्मा वस्तुपरक दृष्टिकोणको स्वीकृतिका निमित्त एउटा आन्दोलनकै रूपमा साहित्यमा यथार्थवादको जन्म भएको हो । जीवनको वास्तविक स्थितिको चित्रण गर्दै सामाजिक चेतनालाई तीव्रता प्रदान गर्नु यस वादको सङ्कल्प थियो (श्रेष्ठ, २०७८, पृ. १) । यस भनाइबाट जीवनको वस्तुपरक तथा वास्तविकताको चित्रण गर्नु यथार्थवादको प्रमुख उद्देश्य रहेको बुझ्न सकिन्छ । यथार्थवादको प्रयोग दर्शन र साहित्य दुवै क्षेत्रमा भएको पाइन्छ । साहित्यिक क्षेत्रमा यथार्थवादको प्रयोग जीवन र जगत्को वस्तु पक्ष जे जस्तो रहेको छ त्यस्तै चित्रण गर्ने सिद्धान्तका रूपमा गरिएको छ (शर्मा र लुइटेल, २०६७, पृ. २९५) । वास्तवमा यथार्थवाद जीवनको सत्यसँग धेरै निकट रहेको छ जुन निरपेक्ष सत्य नभएर देशकाल सापेक्ष हुन्छ । सामाजिक यथार्थवादी उपन्यासहरूमा समकालीन घटना र परिस्थितिको चित्रणमा जोड दिँदै महत्त्वहीन ठानिएका ठाउँ, घटना र पात्रहरूको अति सूक्ष्म व्याख्याविश्लेषण गरिएको हुन्छ (बराल र एटम, २०६६, पृ. ९७) । साहित्य यस्तो विषय हो जसमा समाजले मूल्यहीन ठानेका पक्षहरूलाई पनि महत्त्वका साथ उठाइएको हुन्छ । सामाजिक यथार्थवादमा लेखक द्रष्टा मात्र हुन्छ, ऊ निरीक्षण गर्छ र समाज वा जीवनका यथार्थ टिप्छ अनि शिल्पीले झैँ तिनीहरूलाई उनेर कलामा ढाल्छ (प्रधान, २०५२, पृ. ९७) । लेखकले द्रष्टा बनेर समाजको वस्तुस्थितिको गहन अवलोकन गरी विषयवस्तु ग्रहण गर्छ र त्यसलाई समाज र समयको सापेक्षतामा कलात्मक ढङ्गले वर्णन गर्छ भन्ने कुरा प्रधानको भनाइबाट स्पष्ट भएको छ । यथार्थवाद साहित्य र कलामा जगत् र जीवनका सम्बन्ध र अवस्थाहरूलाई जस्ताको तस्तै उतार्न वा चित्रण गर्न चाहने दार्शनिक मान्यता हो ( विष्णुप्रभात, २०७०, पृ. २४९) । यसबाट साहित्य र कला दुवैमा जीवनजगत्को वस्तुस्थितिको चित्रण गरिने र यी परस्परमा अन्तर्सम्बन्धित भएको कुरा बुझ्न सकिन्छ ।

सामाजिक यथार्थवादमा लेखकले जीवनजगत्का वस्तुसत्यलाई आत्मसात् गरी मानव जीवनका रहनसहन, रीतिथिति तथा चालचलनको वस्तुपरक वर्णन गरेको हुन्छ । समाजचित्रणको यथातथ्यको मूल्याङ्कन नै मुख्यतः यथार्थवादी समालोचना साबित भएको छ, यथार्थवादी साहित्य सृजनाकै प्रवृत्ति पनि त मूलतः सामाजिक वस्तुतथ्यको प्रस्तुतीकरण नै हुन आएको छ (त्रिपाठी, २०६५, पृ. ४३) । त्रिपाठीको यस भनाइबाट सामाजिक वस्तुतथ्यको प्रस्तुतीकरण नै सामाजिक यथार्थवाद हो भन्ने कुरा बोध भएको छ । यथार्थवाद जीवन र जगत्का घटना, पात्र, परिवेश, भाषा आदिको यथार्थलाई साहित्यमा चित्रण गर्ने मूल उद्देश्य रहेको साहित्यिक सिद्धान्त हो (एटम, २०७४, पृ. १९१) । एटमको प्रस्तुत विचारबाट पनि जीवनजगत्का गतिविधि जे जस्ता हुन्छन् तिनलाई त्यही रूपमै दुरुस्त चित्रण गर्नु सामाजिक यथार्थवाद भएको कुरा बुझ्न सकिन्छ । यथार्थवादी साहित्यले वास्तविक जीवन र संसारसँग निकट रूपमा सम्बद्ध रही समाजगत वस्तुपरकतामा विशेष जोड दिन्छ (जोशी, २०५७, पृ. ३८) । सामाजिक यथार्थवादी साहित्यको वास्तविक जीवनसँग प्रत्यक्ष सम्बन्ध हुने भएकाले यसले साहित्यको समाजशास्त्रीय अध्ययन गर्ने कुरा जोशीले उल्लेख गरेका छन् । सामाजिक यथार्थमा जीवनजगत्को वास्तविक चित्रण हुन्छ भन्ने कुरा उपर्युक्त सबै विचारबाट स्पष्ट भएको छ । यसर्थ प्रस्तुत लेखमा *द्रौपदी अवशेष* उपन्यासको सामाजिक यथार्थबारे अध्ययन गर्ने क्रममा हुम्लाको परिवेशमा समयसापेक्ष देखिएका सामाजिक यथार्थवादी घटना तथा विषयवस्तुलाई उपन्यासकै उद्धरणका आधारमा अध्ययन विश्लेषण गरिएको छ ।

**सामाजिक यथार्थका आधारमा *द्रौपदी अवशेष* उपन्यासको विश्लेषण**

समाज जेजस्तो छ त्यसलाई त्यही रूपमा चित्रण गरिने भएकाले साहित्यलाई समाजको दर्पण भनिन्छ । सामाजिक यथार्थवादले भावना र कल्पनालाई बहिस्कार गर्दै सामाजिक तथ्यलाई वस्तुपरक ढङ्गमा प्रस्तुत गर्दछ (श्रेष्ठ, २०७८, पृ. ५२) । समाजमा घट्ने वा घट्न सक्ने घटनाहरूलाई जस्ताको तस्तै चित्रण गरिने सामाजिक यथार्थवादमा भावना र कल्पनाले स्थान नपाउने कुरा श्रेष्ठको भनाइले पनि पुष्टि गरेको छ । प्रस्तुत लेखमा *द्रौपदी अवशेष* उपन्यासको सामाजिक यथार्थसम्बन्धी अध्ययन गर्ने क्रममा उपन्यासमा त्यहाँको समाजअनुकूल अभिव्यक्त भएका खास खास विषयलाई मात्र लिइएको छ । ती विषयलाई बहुपति विवाह, भौगोलिक विकटता, प्राकृतिक सुन्दरता, रूढिवाद, अतिथि सत्कार, कृत्रिमतारहित जीवनशैली जस्ता निम्नलिखित सूचकहरूका आधारमा अध्ययन विश्लेषण गरिएको छ :

**बहुपति विवाह**

घरमा भएका सबै दाजुभाइले एउटै नारीलाई विवाह गरेर पत्नी बनाउने प्रथा वा संस्कृतिलाईबहुपति विवाह भनिन्छ ।यस्तो संस्कृतिमा घरको जेठो दाजुले एउटी महिलासँग विवाह गर्छ र त्यसपछि घरमा जति भाइहरू छन् ती सबैले उनै भाउजूलाई पत्नी मान्नुपर्ने हुन्छ । साझा पत्नीको उमेर पहिलो पतिसँग त मिलेको हुन्छ तर ऊ विवाह गरेर घरमा भित्रिएपछि जन्मिएका देवरलाई समेत पति मान्नुपर्ने प्रचलनले एकातिर आमा जस्ती भाउजूलाई पत्नी बनाउन देवरहरू विवश छन् भने अर्कोतिर छोराका उमेरका देवरलाई पति मान्न भाउजूहरू विवश भएका छन् । यस्तो अनमेल विवाहले गर्दा त्यहाँको समाजमा अनेकौँ बेथितिहरूको जन्म भएको पाइन्छ । बहुविवाह गर्न नपाउने नेपालको कानुनलाई समेत चुनौती दिँदै हुम्ला जिल्लाको अति दुर्गम स्थान उत्तरी भेगमा बस्ने लामा जातिका मानिसले अहिले पनि यही विवाह पद्धतिलाई अवलम्बन गर्दै आइरहेका छन् जसलाई द्रौपदी विवाह पद्धति भनिएको छ । महाभारतमा पञ्चपाण्डवकी साझा पत्नी द्रौपदी भए जस्तै प्रस्तुत उपन्यासमा पनि एकाघरका सबै दाजुभाइकी साझा पत्नीको भूमिका एउटै नारीले निर्वाह गरेकी छन् । यसै सन्दर्भलाई महाभारतकालको द्रौपदी विवाहको अवशेष अहिले पनि नेपालमा छ भन्ने कुरालाई प्रस्तुत उपन्यासले देखाउन खोजेको पाइन्छ ।

उपन्यासमा बहुपति विवाहका सकारात्मक र नकारात्मक दुवै किसिमका प्रभावहरू देखिएका छन् । उपन्यासको शीर्षकले पनि उपन्यासकारको प्रमुख उद्देश्य बहुपति प्रथालाई प्रस्तुत गर्नु हो भन्ने कुरालाई लक्षित गरेको पाइन्छ (गैरे, २०८१, पृ. १४३) । सबै दाजुभाइ साझा पत्नीका साथमा एउटै घरमा बस्ने भएकाले सम्पत्ति टुक्रा टुक्रा हुने र छोट्टिँदै जाने डर नहुनु, एउटै पत्नीले जन्माएका सन्तान पहिलो पतिबाट क्रमशः एउटा एउटा बाँढ्दै बाबुको जिम्मा लगाउने भएकाले जनसंख्या नियन्त्रणका लागि कुनै उपाय अपनाउन नपर्नु र बेवारिसे बच्चा जन्माए पनि महिलालाई कसको बच्चा हो भनेर खानतलासी नगर्नु बहुपति विवाहका सकारात्मक पक्ष हुन् भने महिला र पुरुष दुवै पीडित हुनु, एउटै पत्नी राख्ने परिपाटीले धेरैजसो केटीहरूको विवाह नै नहुनु, सानो उमेरका देवरहरूले चाहना नभएर पनि आमासमानकी भाउजूलाई पत्नी बनाउन विवश हुनु, युवकहरूले आफू सुहाउँदा युवतीसँग मायाप्रेम बसाउने क्रममा युवती गर्भवती भएर बच्चा जन्माएपछि आमालाई सुर्मु र बालकलाई न्येलु बन्नुपर्ने विवशता आइपर्नु, धेरै युवतीको विवाह गरेर घरजम गर्ने चाहना भएर पनि आजीवन विवाह गर्न नपाउनु जस्ता सामाजिक बेथिति र विसङ्गतिहरू बढ्दै जाँदा समाजमा यसको नकारात्मक प्रभाव परेको देखिन्छ । राज्यको प्रचलित कानुन तथा संविधानभन्दा समाजका प्रचलन ठुला बनाएको यस किसिमको समाजमा मातृसत्तात्मक व्यवस्था भए पनि कतिको विवाह भएर कतिको विवाह नभएर

महिलाहरू नै बढी पीडित भएका छन् । यसबाट बहुपति र बहुपत्नी दुवै समाजमा पुरुषभन्दा महिला नै धेरै पीडित भएको कुरा स्पष्ट भएको छ । बहुपति विवाह गर्ने त्यहाँको समाजका सकारात्मक र नकारात्मक प्रभाव तथा पक्षहरूलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

पहिला जन्म्याको जेठोको, त्यसपछि माइलाको, साइँलाको गर्दैगर्दै एकएक हिसाब लाउँछ कोही । कसैले महिनामहिनाको रगत गयापछि पहिला जोसँग बस्याको थिया, उसलाई बा अन्दाज पनि गर्दो छ । तर भन्ने बेला जेठालाई सबैले आपा-बा भन्या हो । अरूलाई काका । जसको सन्तान भया पनि तेरोमेरो नभनी सबैले उत्ति मया गर्छ, बरोबर । (पृ. ६४)

उद्धृतांशमा बहुपति प्रथामा सन्तानहरूमध्ये पहिलो सन्तान जेठाको, दोस्रो माहिलाको गरी क्रमशः जेठाबाट कान्छासम्म बाँढेर लिने वा कसको बाबु कुन हो भन्ने कुराको टुङ्गो लगाउँछन् । यसै गरी कतिपयले महिनावारी भएपछि पहिले जोसँग संसर्ग भएको हुन्छ त्यसैलाई उक्त बच्चाको बाबु तोकिदिने चलन पनि गरेको देखिन्छ । बच्चाहरू जे जसरी जसको सन्तान भएर जन्मिए पनि तेरो मेरो नभनी सबैले बराबर माया गर्ने, जेठोलाई बुबा र अन्य भाइलाई काका भन्ने चलन यस समुदायमा अद्यावधि कायम रहेको कुरा उल्लिखित उद्धरणमा अभिव्यक्त भएको छ ।

बहुपत्नी समाजमा जस्तो एउटाले एउटा वा सोभन्दा धेरै पत्नी विवाह गर्दा सन्तान धेरै हुने, खाने मुख मात्र बढ्ने भएकाले लालनपालन गर्न कठिन हुने उनीहरूको बुझाइ रहेको छ । ग्याल्जनका दाजुभाइ चार जना रहेका र सन्तान छ जना भएकाले उसलाई छोडेर अन्य तीन जनालाई दुई दुई मात्र सन्तान रहेका छन् । यस्तो हुँदा पारिवारिक बोझ नहुने तर्क ग्याल्जनकी आमाले यसरी व्यक्त गरेकी छ, “एउटाले एउटा ब्या गरे खाने मुख मात्र बढ्न्या हो ग्याल्जनलाई छोडेर एक लोग्नेको भागमा दुईभन्दा बढी सन्तान थिएनन्” (पृ. ७१) । उद्धृतांशमा एउटै पत्नीबाट सबै दाजुभाइले सन्तान जन्माउँदा यत्तिकै सन्तानको सङ्ख्या कम हुने भएकाले परिवारमा खाने मुख पनि धेरै नहुने, भएका सन्तानलाई पनि सबै दाजुभाइले लालनपालनको उत्तिकै दायित्व लिने हुँदा सन्तान हुर्काउन कुनै समस्या नहुने विचार ग्याल्जनकी आमाले व्यक्त गरेकी छ ।

बहुपति विवाह गर्ने प्रस्तुत उपन्यासको समाजमा एउटै महिलाले धेरै पतिको भार थाम्नुपर्ने र त्यो समाज स्वास्थ्यसम्बन्धी त्यति सचेत नभएकाले महिलाहरूलाई धेरै कष्ट झेल्नुपरेको देखिन्छ । अन्य समाजको रूपान्तरणसँगै यस समाजका महिलामा पनि एउटै पतिसँग जीवन बिताउन पाए हुन्थ्यो भन्ने चाहना देखिन थालेको तर अग्रज व्यक्तिहरूले पहिलेदेखि चल्दै आएको चलन बिगार्न हुँदैन भन्ने धारणा राखेकाले उक्त भनाइलाई प्रतिकार गर्न नसकेको कुरा तलको पङ्क्तिले स्पष्ट पारेको छ :

म तमीसँग जान्या भया तर तम्रो मात्र जोई भै बस्न्या हुँ भन्या छ पेमाले । त्यतिबेला नुर्बुले हुन्छ, तमीले जे जसो भन्छ, त्यही हुन्या छ भनेर लिई आयाको । तर उसको आमाले भन्छ-चलन बिगार्न हुँदैन । जबर्जस्ती केही छैन-बस्न्या भयादेखिन् जेठासाथ बिहे गर्छ, सबै भाइको जोई हुन्छा भन्छ । (पृ. ३१)

उल्लिखित पङ्क्तिमा उपन्यासकी नायिका पेमाले नुर्बुसँग विवाह गर्ने सन्दर्भमा ऊबाहेक अरू भाइकी पत्नी भएर नबस्ने सर्त राखेर प्रतिरोधी चेतना व्यक्त गरेकी छ । नुर्बुले तिमीले जस्तो चाहन्छ्यौ त्यस्तै हुन्छ भनी उसलाई आफ्नो घरमा लिएर आएपछि उसले आमासँग पेमाले राखेको सर्त सुनाएको छ । नुर्बुकी आमाले उसको कुरा अस्वीकार गरी परम्परादेखि चल्दै आएको चलन बिगार्न नपाइने, यस घरमा बस्ने चाहना भए जेठो छोरासँग विवाह गर्नुपर्ने, ऊसँग विवाह भएपछि अन्य भाइहरूकी पनि स्वतः पत्नी हुने र बस्ने चाहना नभए

फर्केर जान पनि सक्ने विचार व्यक्त गरेकी छ । यस सन्दर्भबाट महाभारतमा अर्जुनले मात्र विवाह गरेर ल्याएकी द्रौपदीलाई कुन्तीको वचनका कारण पाँच पति बेहोर्न बाध्य हुनुपरे जस्तै यस उपन्यासमा पनि नुर्बुले मात्र पत्नी बनाउने वचन दिएर ल्याएकी पेमालाई उसकी आमाले सबै भाइकी साझा पत्नी बनेर मात्र आफ्नो घरमा बस्न सक्ने कुरा सुनाएकी छ ।

बहुपति प्रथा धेरै पहिलेदेखि समाजमा चल्दै आएकाले एकाएक यसलाई परिवर्तन गर्न नसकिने, कसैले एउटै पतिसँग जीवन बिताउन चाहे पनि घरपरिवारबाट स्वीकृति नपाउने, अर्काकी पत्नी ल्याएर जारी बोक्न सबै भाइ राजी नहुने भन्ने कुरा आमैले गरेपछि बाबैले यदाकदा जारीको चलन नभएको होइन भने पनि बुढीलाई भने बुढाको कुरा कत्ति पनि चित्त बुझेको छैन । यसपछि, “बाबैको कुरामा आमैले तत्काल ठुलो आवाजमा असहमति जनाइन्, त्यसो भन्यार कहाँ होला ? पहिलेदेखिको चलन यसै मेट्न कहाँ पाइएला ?” (पृ. ५९) । उद्धृतांशमा मातृसत्तात्मक समाजमा महिलाको भूमिका सशक्त रहेको भन्ने कुरा स्पष्ट पारिएको छ । बुढाले बोलेको सत्य कुरालाई पनि बुढीले सिधै ठुलो आवाजका साथ विद्रोह गरेर बोल्न दिएकी छैन र पहिलेदेखि चलेर आएको चालचलनमा थोरै पनि परिवर्तन गर्न नपाइने भनी आफ्नो निर्णय सुनाएकी छ ।

घरका दाजुभाइ सबैकी एउटी साझा पत्नी भएपछि यस्तो समाजमा धेरै युवतीहरूको विवाह हुन सकेको छैन । बुढी भाउजूलाई पत्नी बनाउन सहज नमान्ने युवकहरूले घर र समाजको आँखा छलेर यस्ता युवतीलाई मायाजालमा पारी गर्भवती बनाएका छन् । विवाह नगरी न्यलु बच्चा जन्माएकी यस्ती पत्नीलाई युवकले घरमा भित्र्याउन सकेका छैनन् । यदि यसरी जन्मेको बच्चा छोरो छ भने उसले बाबुबाट केही सम्पत्ति पाउँछ तर रङलु (विवाहित पत्नीबाट जन्मेको छोरो) ले जस्तो अधिकार पाउँदैन । न्यलुलाई आमासँग मात्र बस्नु परे पनि जीवननिर्वाहका लागि केही सम्पत्ति मिल्ने कुरा उपन्यासमा यसरी व्यक्त गरिएको छ, “छोरा भया जीवन निर्वाह पाउँछ । तर न्यलुको अधिकार ब्या गरेको जोईले जन्माएको रङलु छोरा जस्तो हुन्न । न्यलु आमासँग मात्र बस्न्या हो, बुबाको भन्दा भिन्न घरमा” (पृ. १०३) । प्रस्तुत पङ्क्तिमा बहुपति विवाह गर्ने समाजमा मातृसत्तात्मक व्यवस्था छ भने पनि महिलाका आवाज खासै सशक्त देखिएका छैनन् । यस समाजमा न्यलु बच्चा छोरा छ भने उसले केही अधिकार पाउने तर छोरी भए केही पनि नपाउने कुरा स्पष्ट भएको छ ।

बहुपति प्रथा चलेको समाजमा कुनै पुरुषले बाहिर पत्नी राखेर छोरा जन्माउँदा घरकी पत्नीलाई सौता ल्याएको भन्दा छोराको सम्पत्ति चोइटिएकोमा दुःख लाग्छ । यसरी छोरी जन्मेकी छ भने उसलाई कत्ति पनि सम्पत्ति दिन पुरुष बाध्य हुनुनपर्ने कुरा उपन्यासमा ग्याल्जनले यसरी अभिव्यक्त गरेको छ, “छोरी जन्म्या भयादेखि न्यलुले यसरी अंश झैँ निर्वाह खर्च पाउँथेन । धन्य त्यसका भाग्य राम्रो रह्याछ, छोरा नै भयाछ” (पृ. १८८) । उल्लिखित पङ्क्तिमा बहुपति समाजमा पनि बहुपत्नी समाजमा जस्तै लैङ्गिक विभेद रहेको कुरा स्पष्ट भएको छ । आमासँग मात्रै बस्नुपर्ने न्यलु छोराले केही सम्पत्ति बाबुबाट पाउने र छोरी भए नपाउने भएकाले आफ्नी दिदीलाई धन्य छोरा भएछ भनेर ग्याल्जनले आफ्नो भान्जा भाग्यमानी भएको कुरा म पात्रलाई बताएको छ । सुर्मु (अविवाहित पत्नी) ले जन्माएको छोरीको कुनै अधिकार नहुने तर छोराको केही अधिकार हुने भएकाले प्रस्तुत समाजमा पनि लैङ्गिक विभेद रहेको कुरा उल्लेख गरिएको छ । यसै गरी ग्याल्जनले भनेको छ, “छोरी भया के पाउन्या हो र ? ठुली भयापछि भाग्यले ब्या भयादेखिन् पोइल घर जान्या हो । ब्या नभया ऊ पनि कोही लोग्नेमान्छेको सुर्मु भयार आफूले पनि न्यलु नै जन्माउन्या हो” (पृ. १०२) । न्यलु भएर जन्मेकी छोरी पनि भाग्यमानी भई भने विवाह भएर पतिका घर जान पाउने तर विवाह नभए कुनै पुरुषकी सुर्मु (रखेल) बनेर आफूले पनि न्यलु जन्माउने नियति भोग्नुपर्ने विचार प्रस्तुत पङ्क्तिमा अभिव्यक्त भएको छ ।

बाबुआमाले सबै छोरीको विवाह होस् भन्ने चाहना राखे पनि बहुपति प्रथाले धेरै युवतीलाई अविवाहित बस्न बाध्य पारेको छ । उनीहरू कसैका सुर्मु बनी न्यलु जन्माएर बसे पनि पितृसत्तात्मक समाजमा जस्तो घृणा गर्ने नगरेको तर कतिपयले आफैँले पनि विवाह गर्न नचाहेको विचार उपन्यासमा यसरी व्यक्त गरिएको छ :

> छोराछोरी एक्लै हुर्काएर बस्न मुस्किल हुँदो हो । आफ्नी छोरीको ब्या होस् भन्ने आमाबाबु सबैले सोच्न्या हो । ब्या नभएर कसैको सुर्मु भयार न्येलु जन्माएर बसे पनि समाजले नराम्रो मान्दैन, हेला गर्दैन.... कोही केटी आफैँ पनि ब्या गर्न मन गर्दैन । यसै बस्न मन गर्न्या पनि हुन्छ । (पृ. १०३)

उद्धृतांशमा ग्याल्जनले सुर्मु बनेर सन्तान जन्माउने आमाले एक्लै उसको जिम्मेवारी लिएर हुर्काउनु परेकाले महिलालाई धेरै मुस्किल परे पनि समाजबाट अपमानित हुनु नपरेकाले केही सहज भने भएको विचार व्यक्त गरेको छ । न्यलु छोरा जन्माए पनि दिदीसँग आफैँले जन्माएको छोरा भएको, समाजले न्यलुको संज्ञा दिए पनि उसको आफ्नै छोरा भएको, जन्म दिने आमालाई रङलु होस् वा न्यलु कुनै फरक नभएको, मातृत्वका निम्ति जन्माउने कष्ट र माया दुवै किसिमका सन्तानमा  समान हुने र बाबुका लागि मात्र आफ्नै सन्तानसँगको नाता रङलु र न्यलु हुने विचार यसप्रकार व्यक्त गरिएको छ :

> जे भया पनि आफैँले जन्माको छोरा छ दिदीसँग । अरूले हेर्दा त्यो न्यलु भया पनि दिदीको लागि छोरा नै हो । जन्माउने आमालाई न्यलु छोरा क्या ? रङलु छोरा क्या ? जन्माउने दुःख उस्तै । मया पनि उस्तै । बरोबर । बुबाको लागि आफ्नै सन्तानसँगको नाता रङलु या न्येलु हुन्छ । आमाको लागि छोरा सबै एउटै । (पृ. १०५)

उल्लिखित पङ्क्तिमा जस्तोसुकै परिस्थितिमा पनि आमाको स्थान पिताको भन्दा विशेष हुने, जेजसरी जन्माए पनि आमाको माया सबै सन्तानप्रति बराबर हुने र बाबुका कारण बहुपति व्यवस्थाले निम्त्याएका बेथितिमा आफैँबाट जन्मिएका सन्तानहरू पनि रङलु र न्यलु हुने विभेदकारी परिपाटीलाई प्रस्तुत गरिएको छ ।

## भौगोलिक विकटता

अग्ला अग्ला पहाड तथा हिमालहरू भएको, राज्यको विकास तथा बाटोघाटो पुग्न नसकेको, ठुला ठुला नदीनाला भएको तर पुलहरू बन्न नसकेको स्थानलाई भौगोलिक दृष्टिले विकट मानिन्छ । राजधानी काठमाडौँबाट दुरदराजमा रहेको दुर्गम जिल्ला हुम्लाको अझै दुर्गम स्थानका रूपमा रहेको उत्तरी भेगलाई *द्रौपदी अवशेष* उपन्यासको परिवेश बनाइएकाले यसमा भौगोलिक विकटताका सन्दर्भहरू पनि अभिव्यक्त भएका छन् ।

राज्यको विकासमा पछाडि परेको हुम्ला जिल्लामा धेरै स्याउको उत्पादन भए पनि यातायातको असुविधाले गर्दा त्यसले बजार र उचित मूल्य पाउन नसकेको सन्दर्भ उपन्यासमा यसरी आएको छ, “हुम्लामा मनग्गे स्याउ फल्छ । तर ढुवानी गर्न नसक्दा कुहिएर खेर जान्छ” (पृ. १६९) । यसबाट जति नै शिखर डाँडाहरू भए पनि नेपालमा केही न केही उत्पादन नहुने कुनै पनि डाँडा नभएको र अत्यन्त पछाडि रहेको हुम्लामा मूल्यवान् स्याउ उत्पादन भएर पनि यातायातको समस्याले गर्दा त्यसले उचित बजार पाउन नसक्दा सबै यत्तिकै कुहेर जाने अवस्थाप्रति उपन्यासकार कार्कीले दुःखेसो पोखेकी छन् ।

उपन्यासको समाख्याताको रूपमा रहेको दिग्विजय र ग्याल्जन सिमकोट जाने क्रममा दुर्गमको यात्रा निकै कठिन भएको, बाटामा होटलको राम्रो व्यवस्था नभएकाले अँगेनाको डिलमा बसेर रुखोसुखो जे पाइन्छ त्यही खाँदै दुःखसँग रात बिताएको, दिग्विजय सुखपूर्वक मिठो खाएर हुर्केको भए पनि हिमाली क्षेत्रको बसाइले उसमा

दुःख सहने बानी परेपछि उसले भोजन होइन भोक मिठो रहेछ भन्ने कुरा व्यक्त गरेको छ, “त्यसपछि अँगेनोमा जाडो सेकाएर जे पायौँ, खायौँ । मीठो भोजन होइन, भोक हो, ओछ्यान होइन, निद्रा हो महत्त्वपूर्ण भन्ने कुरा त्यतिन्जेलको हिमाली बसाइमा राम्रोसँग स्विकारेका थिए, मेरा आँत र रातहरूले” (पृ. १८१) । कामको सिलसिलामा हुम्लामा पुगेको दिग्विजयले स्थानअनुसार जे खानेकुरा प्राप्त हुन्छ त्यही खान र रातमा जस्तो ठाउँमा पनि निदाउन सक्ने भएको कुरा उल्लेख गरेको सन्दर्भबाट उक्त स्थानको भौगोलिक विकटता पुष्टि भएको छ ।

हुम्ला बासीहरू गर्मीको समयमा लेकतिर गएर खर्कमा बसेको, हिउँद लागेपछि ओडारमा बास बस्दै धमाधम दक्षिणतर्फ झरेको र कहिले कर्णालीको फेरो समातेर तल तल लाग्नुपर्ने त कहिले माथि माथि उक्लिनुपर्ने कष्टकर जीवनबारे उपन्यासमा भनिएको छ, “गर्मीयाम, लेक उक्लिएर खर्कको बास । हिउँद लाग्यो, रात ओडारमा निदाउँदै दक्षिण झर्ने चटारो । कहिले कर्णालीलाई पछ्याउँदै उँधोउँधो लाग्नुपर्ने, कहिले त्यसैको फेरो समाएर उँभो उक्लिनुपर्ने घुमन्ते नियति” (पृ. १९२) । उद्धृतांशमा हुम्ला बासीहरू कर्णाली नदीको किनारै किनार कहिले तल तल त कहिले माथि माथि लाग्नुपर्ने सन्दर्भ प्रस्तुत गरेबाट त्यस क्षेत्रको भौगोलिक विकटता आँकलन गर्न सकिन्छ ।

दिग्विजय र ग्याल्जन सिमकोट जान यात्रा गरिरहेको बेला बाटामा अनेक किसिमका पैदल यात्रीहरूसँग उनीहरूको भेट भएको छ । तीमध्ये कसैका जुत्ताबिनाका चिराचिरा परेका कुर्कुच्चा, कोही जुत्ता लगाउनेका पनि तलुवा खिइएर पैताला पनि खिइएका र जुत्ताले मात्र पैतालाको दुःख ढाकेको सन्दर्भ दिग्विजयले यसरी अभिव्यक्त गरेको छ, “कसैका चिराचिरा फाटेका कुर्कुच्चाले बाहिर चियाइरहेका थिए । जुत्ता लगाउनेका पनि तलुवा मात्र खिइएको थिएन, खिइएका थिए पैताला पनि । जुत्ताले मात्र पैतालाको दर्द छोपिरहे जस्तो लाग्थ्यो” ( पृ. २१७) । उद्धृत अंशमा खाली खुट्टा पैदल हिँडेको, हिँड्दाहिँड्दै जुत्ता मात्र होइन पैताला नै खिइएको सन्दर्भको चित्रण गरेर उपन्यासकारले भौगोलिक विकटतालाई प्रस्तुत गरेकी छन् ।

काठमाडौँका सुखसुविधामा जीवनयापन गर्दै आएको दिग्विजयले हुम्ला जाने क्रममा पहिलो पटक ग्याल्जनबाट भिरमा उकालो हिँड्न सिकेको, उकालो हिँड्ने मात्र होइन उसले पहिलो पटक दुःख के हो भन्ने कुरा पनि त्यहीँ गएर देखेको र उसले त्यहाँको चट्टानी पहाडलाई केबल पहाड मात्र नभनेर दुःखको पहाड भनी भौगोलिक विकटताको चित्रण यसरी गरेको छ, “यही भीरबाट ग्याल्जनले उकाली चढ्न सिकाएको थियो । यहीँ आइपुगेपछि पहिलो पटक दुःखको पहाडलाई आत्मसात् गरेको थिएँ मैले । भनेको थिएँ, यो चट्टानी पहाड होइन, दुःखको पहाड हो” (पृ. १९४) । उद्धृतांशमा भिर, चट्टानी पहाड, दुःखको पहाडलाई आत्मसात् गरेको र यस्तो स्थानमा धेरैजसो पैदल र कतै घोडामा यात्रा गरेको सन्दर्भले त्यहाँको भौगोलिक विकटतालाई प्रस्तुत गरेको छ ।

## प्राकृतिक सुन्दरताको वर्णन

नेपाल प्राकृतिक सुन्दरताले भरिपूर्ण भएको मुलुक हो । नेपालका हिमाल, पहाड, तराई, हरियो वन, नदीनाला, तालतलैया, झरना, छहरा तथा छाँगाहरू सबै प्राकृतिक सुन्दरताअन्तर्गत पर्दछन् । नेपालको भौगोलिक बनावट तथा प्राकृतिक सुन्दरता विश्वका निम्ति आकर्षणको केन्द्र बनेको छ । *द्रौपदी अवशेष* उपन्यासमा हिमाली जिल्ला हुम्लाको उत्तरी क्षेत्र र त्यस वरपरको सुन्दर प्रकृतिको चित्रण गरिएको छ जसलाई उपन्यासका निम्नलिखित उद्धरणले पुष्टि गरेका छन् :

यस ठाउँको घाँसे मैदानको बैजनी भुँइफल खुब मन परेको थियो । तर फूलसँगको साइनो छुटिसकेको थियो । पूरा छ महिना बसेको घरआँगन अनि पेमालाई सम्भिएँ । सम्भन त लिमीखोला पनि सम्भिएँ । हाँसिरहेको सुनपातीको भाडी र खर्क अनि च्याङ्ग्राका बथान, उवाका लहलह सबैसबै सम्भिएँ । (पृ. १६९)

हुम्लामा रहरलाग्दा घाँसेमैदानमा पाइने बैजनी भुँइफल, छ महिना बसेको घरआँगन र त्यस वरपरको मनोरम प्रकृति, त्यहाँको अबिरल बगिरहने लिमीखोला, हाँसिरहेको सुनपातीको भाडी, लहलह ाउँदो उवा खेती, त्यहाँका बासिन्दाका खर्क र च्याङ्ग्राका बथान जस्ता प्रकृतिका वरदानलाई म पात्रले त्यो स्थान छोडिसक्दा पनि बिर्सन सकेको छैन । उसले त्यहाँको प्रकृतिको सुन्दरताबारे यसरी वर्णन गरेको छ, “दिनभरको मेला सकेर घर फर्किएकी आमाको सारा थकान सन्तानको एक मुस्कानले भुलाइदिए जस्तो मीठो गरी बिर्साइदियो, त्यस छाँगोको सुन्दरताले मनको कटुता” (पृ. १९५) । उद्धृतांशमा म पात्रले एउटा छाँगोको सुन्दरताको वर्णन गरेको छ । यस सन्दर्भमा एउटी आमाको दिनभरको कामको थकान छोराछोरीको मुहारको एक मुस्कानले मेटिए जस्तै उक्त छाँगोको सुन्दरताले दुर्गममा पैदल यात्रा गर्दाको थकान र मनको कटुता सबै मेटिदिएको कुरा म पात्रले उल्लेख गरेको छ । उक्त विशाल छाँगोको सुन्दरतालाई टोलाएर हेरिरहँदा उसले परतिरको भिरमा आफ्नै बुबालाई, कर्णालीको निर्मलतामा आमालाई र छाँगोमा आफैँलाई देखेको आभास भएको विचार व्यक्त गरेको छ, “एकछिनका लागि परतिरको भीरमा बुबा देखेँ । र कर्णालीको निर्मलतामा आमा । छाँगोमा देखेँ, आफू स्वयंलाई” (पृ. १९६) । उद्धृत अंशमा त्यहाँको प्राकृतिक सुन्दरताले म पात्रको यति धेरै मन तानेको छ कि ऊ भावनामा हराएर भिरमा आफ्नै बाबुलाई, कर्णालीको गहिराईमा आमालाई र छाँगोमा आफैँलाई देखेको अनुभूत भएको छ ।

## रूढिवाद

समाजमा पहिलेदेखि किम्बदन्तीका रूपमा चल्दै र मान्दै आएका तर कुनै लिखित वैधानिक विधिविधान र नियमबाट नचलेका प्रचलनहरूलाई रूढिवाद भनिन्छ । यस्ता प्रचलनहरू कतिपय अहिले पनि जीवनोपयोगी छन् भने कतिपय मानवको हितविपरीत चलाइएका हुन्छन् । यस्तै मानव हितविपरीत रहेर पनि समाजबाट हट्न र हटाउन नसकेका प्रचलनहरूलाई रूढिवाद भनिन्छ । शिक्षा र चेतनाले पछाडि रहेको समाजमा रूढिवादले मौलाउने अवसर पाएको हुन्छ । *द्रौपदी अवशेष* उपन्यासमा हुम्ला जिल्लाको जीवनशैली, चालचलन र रीतिथितिलाई विषयवस्तु बनाइएको हुँदा यसमा रूढिजन्य यथार्थ पनि प्रस्तुत भएको छ । दिग्विजय र ग्याल्जन गाउँबाट हुम्ला सदरमुकाम सिमकोट जाने बेला बाटोमा राम्रो खानपान र बास बसाइ नमिलेपछि ग्याल्जन एकाएक भाडाबान्ता भएर निकै विरामी पर्छ । बाटोमा कुनै औषधि नभएकाले दिग्विजयले नुन, चिनी, पानी बनाएर दिने सोच बनाउँछ । नुन र चिनी आफैँसँग भए पनि उसले पानी तताउन सुतेका घरमूलीलाई उठाएको छ । घरमूलीका बुढाबुढी नै उठेर उनीहरूलाई मदत गरेका छन् । बुढाले ग्याल्जनको नाडी छामेपछि बाटोमा लागोले समातेर बिरामी परेको कुरा गरेर बिरामीतिर अक्षता फाल्दै खरानी फुकेर पानी खान दिएको कुरा उपन्यासमा यसरी उल्लेख गरिएको छ, “एक पटक बोलाउँदैमा जोईपोइ दुवै उठेर आए । पोइ चाहिँले ग्याल्जनको नाडी छामे । अनि बाटोमा लागोले छोपेको ठहर गर्दै अक्षता फाली खरानीले फुकेर पानी पिउन दिए” (पृ. १८२) । अहिले पनि भाडाबान्ता हुनुलाई लागो लागेको भनेर अक्षता फल्ने र खरानी फुकेर पानी खुवाउने काम रूढिवाद हो ।

## अतिथि सत्कार

आफन्त होउन् वा बाहिरका मानिस अरूको घरमा बस्न, खाना खान वा भोज खान गए भने तिनलाई अतिथि वा पाहुना भनिन्छ । यसको अलावा कुनै पनि कार्यक्रमका लागि आमन्त्रित व्यक्तिलाई पनि अतिथि भन्ने गरिन्छ । नेपाली ग्रामीण समाजमा अहिले पनि अथितिहरूको राम्रो सत्कार गर्ने गरिन्छ । गाउँमा आफन्त मात्र होइन जोसुकै पाहुना गए पनि आफ्नो हैसियतअनुसार जेजति सक्छन् त्यति सत्कार मनदेखि नै गर्ने चलन हुन्छ । *द्रौपदी अवशेष* उपन्यास पनि ग्रामीण परिवेशको जीवनशैलीमा आधारित भएकाले यसमा पनि हुम्लाबासीहरूले अतिथिको सत्कार मनैदेखि गरेका छन् । कामको सिलसिलामा तलब खाएर हुम्ला पुगेको दिग्विजयलाई त्यहाँका बासिन्दाहरूले धेरै माया र इज्जत गरेका छन् । यसै गरी दिग्विजय र ग्याल्जन बाटोमा एक रात बसेको ठाउँका मानिसले समेत उनीहरूप्रति यसरी सदाशयता देखाएका छन्, “उठ्नासाथ घरमूलीले जडीबुटी राखिएको तातो झोल दिए । केही रकम तिरेर एक रात बास बस्न आएकामाथि उनीहरूले देखाएको आत्मीयताबाट म द्रवीभूत भएँ” (पृ. १८२) । उद्धृतांशमा नेपालीको अतिथि सत्कार गर्ने संस्कारले गर्दा पैसा तिरेर एक रात बस्न र एक छाक खान गएका दिग्विजय र ग्याल्जनलाई घरमूलीले बिहानै उठ्नासाथ जडीबुटी राखेको चिया खान दिएका छन् । एक रात बस्न आएका र चिन्दैनचिनेका मानिसलाई यति धेरै आत्मीयता देखाएर माया गरेपछि दिग्विजय निकै भावुक भएको सन्दर्भ यसमा प्रस्तुत भएको छ ।

## कृत्रिमतारहित जीवनशैली

कुनै पनि तडकभडक, फेसन, शृङ्गार र छलकपटबिनाको समाजको जीवनशैलीलाई कृत्रिमतारहित जीवनशैलीभनिन्छ ।हुम्ला जिल्लाको अति दुर्गम मानिनेउत्तरी भूभागको परिवेशमा केन्द्रित *द्रौपदी अवशेष* उपन्यासमा त्यहाँको खानपिन, रहनसहन, लवाइ तथा चलाइलाई पनि देखाइएको छ । त्यहाँका मान्छे अत्यन्तै सरल, सहयोगी, मानवीय भावना भएकाले अपरिचित मानिसलाई पनि माया दिएका छन् । साधारण पोसाकमा रहँदा पनि स्वच्छ हावापानी र विषादिरहित शुद्ध खानाले उनीहरू रसिला, पोसिला र सुन्दर देखिन्छन् । उपन्यासकी नायिका पेमाले कुनै शृङ्गार नगरेर पनि ऊ निकै सुन्दरी देखिएको सन्दर्भ म पात्र दिग्विजयले यसरी व्यक्त गरेको छ, “पेमाको नकोरेको कपाल, नधोएको अनुहार पनि कति स्निग्ध । कृत्रिमता थिएन त्यहाँ । थियो-सुन्दरता, निश्छलता अनि कोमलता” (पृ. २१५) । उद्धृतांशमा पेमालाई माध्यम बनाएर त्यहाँको सरल तथा छलछामबिनाको जीवनलाई प्रस्तुत गरिएको छ । शृङ्गारका नाममा उसले कपालसम्म कोरेकी छैन । उसको नधोएको अनुहार पनि निकै सुन्दर, मुलायम र मायालाग्दो भएको कुरा उल्लेख गरिएको छ । उसमा कुनै कृत्रिमता र छलकपट भन्ने हुँदै नभएको, सुन्दरता र कोमलता मात्र रहेको भाव समाख्याता दिग्विजयले अभिव्यक्त गरेको छ ।

## निष्कर्ष

नीलम कार्की निहारिकाको *द्रौपदी अवशेष* उपन्यास सामाजिक यथार्थसम्बन्धी अध्ययनका कोणबाट अध्ययनीय रहेको छ । बहुविवाह गर्न नपाउने नेपालको कानुनलाई चुनौती दिँदै हुम्ला जिल्लाको अति दुर्गम स्थान मानिले उत्तरी भेगमा बस्ने लामा जातिले अहिले पनि बहुपति विवाहलाई अवलम्बन गर्दै आइरहेको सन्दर्भलाई प्रस्तुत उपन्यासको मुख्य विषयवस्तु बनाइएको छ ।  महाभारतमा द्रौपदी पञ्चपाण्डवकी साझा पत्नी भए जस्तै प्रस्तुत उपन्यासमा पनि एकाघरका सबै दाजुभाइकी साझा पत्नीको भूमिका एउटै नारीले निर्वाह गरेको पाइन्छ । द्रौपदी विवाहको अवशेष अहिले पनि नेपालमा छ भन्ने कुरालाई प्रस्तुत उपन्यासले

देखाउन खोजेको छ । सबै दाजुभाइ एउटै पत्नीसँग बस्ने भएकाले सम्पत्ति बाँढिदै र चुँडिदै नजाने, एउटै पत्नीले सबै दाजुभाइका सन्तान जन्माउने हुँदा स्वतः जनसंख्या नियन्त्रण हुने, कुनै सुर्मुले न्यलुलाई जन्म दिए पनि कसको बच्चा हो भनेर महिलालाई खानतलासी नगर्ने प्रस्तुत उपन्यासका बहुपति विवाहका सकारात्मक पक्ष हुन् भने महिला र पुरुष दुवै पीडित हुनु, धेरैजसो केटीहरूको विवाह नै नहुनु, सानो उमेरका देवरहरूले चाहना नभएर पनि आमासमानकी भाउजूलाई पत्नी स्वीकार गर्न विवश हुनु, युवकहरूले आफू सुहाउँदा युवतीसँग मायाप्रेम बढाएर बच्चा जन्माएमा त्यस्ता युवती सुर्मु र बालक न्यलु बन्न बाध्य हुनु, धेरै युवतीले चाहेर पनि विवाह गर्न नपाउनु नकारात्मक पक्ष हुन् । बहुपति प्रथाका अतिरिक्त यस उपन्यासका सामाजिक यथार्थका रूपमा भौगोलिक विकटता, प्राकृतिक सुन्दरता, रूढिवाद, अतिथि सत्कार, कृत्रिमतारहित जीवनशैली जस्ता सन्दर्भहरूको पनि चित्रण गरिएको छ । राज्यको विकासबाट टाढा रहेको हुम्लामा बहुमूल्य जडीबुटी, स्याउ तथा अन्य अर्गानिक उत्पादनहरूले यातायातको असुविधाले गर्दा बजार पाउन नसकेको र खाली खुट्टा पैदल हिँड्दा जुत्ता मात्र होइन पैताला नै खिइएको सन्दर्भको चित्रण गरेर भौगोलिक विकटतालाई प्रस्तुत गरिएको छ । हिमालको काखमा अवस्थित हुम्लाका घाँसेमैदानमा पाइने बैजनी भुँइफल, त्यहाँको मनोरम प्रकृति, अबिरल बगिरहने लिमीखोला, हरदम हाँसिरहेको सुनपातीको झाडी, लहलहाउँदो उवा खेती, त्यहाँका खर्क र च्याङ्ग्राका बथान जस्ता प्रकृतिका वरदानको पनि उपन्यासमा चित्रण गरिएको छ । यसै गरी शिक्षा, स्वास्थ्य र चेतनाका क्षेत्रमा पछाडि रहेको हुम्लामा रूढिवादले जरा गाढेर बसेकाले धामीझाँक्री तथा झारफुकमा विश्वास गर्ने गरेको, धेरै समस्या तथा बेथितिहरू बढ्दै गएर पनि बहुपति प्रथालाई निरन्तरता दिएको र स्वास्थ्यप्रति त्यति सचेत नदेखिएको जस्ता रूढिवादी मान्यताहरू पनि सामाजिक यथार्थका रूपमा आएका छन् । तलब खाएर कामको सिलसिलामा हुम्ला पुगेको दिग्विजयलाई त्यहाँका बासिन्दाले गरेको सत्कार तथा मायाबाट नेपालीको अतिथि सत्कार गर्ने प्रवृत्तिलाई देखाइएको छ । त्यहाँका मानिसको छलकपटरहित साधा जीवनशैली, कुनै पनि फेसन वा शृङ्गारले छुन नसकेको समाज, परस्परमा सहयोगी भावना तथा मानवतावादले ओतप्रोत भएका मानिसको व्यवहारबाट कृत्रिमतारहित जीवनशैली पनि सामाजिक यथार्थका रूपमा प्रस्तुत भएको छ । यसरी प्रस्तुत उपन्यासमा सामाजिक यथार्थका विभिन्न पक्षहरूको अभिव्यक्ति पाइन्छ ।

## सन्दर्भ सामग्रीसूची


एटम, नेत्र (२०७४). *सङ्क्षिप्त साहित्यिक शब्दकोश.* काठमाडौँ : नेपल प्रज्ञा प्रतिष्ठान ।

गैरे, शंकरप्रसाद (२०८१), द्रौपदी अवशेष उपन्यासमा सांस्कृतिकता. भरतपुर प्रज्ञा, भरतपुर नगरपालिका, वर्ष २, पृ. १३९-१५० ।

जोशी, कुमारबहादुर (२०५७).*पाश्चात्य साहित्यका प्रमुख वाद.* चौथो संस्क., ललितपुरःसाझा प्रकाशन ।

त्रिपाठी, वासुदेव (२०६५). *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा* (दोस्रो भाग). पाँचौं संस्क. ललतिपुर : साझा प्रकाशन ।

प्रधान, कृष्णचन्द्रसिंह (२०५२). *नेपाली उपन्यास र उपन्यासकार.* तेस्रो संस्क. ललितपुर : साझा प्रकाशन ।

बराल, कृष्णहरि र नेत्र एटम (२०६६). *उपन्यास सिद्धान्त र नेपाली उपन्यास.* तेस्रो संस्क., ललतिपुर : साझा प्रकाशन ।

विष्णुप्रभात (सम्पा.), (२०७०). *प्रज्ञादर्शन कोश.* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६७). *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त.* तेस्रो संस्क., काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

श्रेष्ठ, दयाराम (२०७८). *यथार्थवाद र नेपाली कथा परम्परामा आधुनिक कालको प्रणयन.* काठमाडौँ : शिखा बुक्स ।